# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २२१ | बुटवल | २०८२ साउन २१ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday August 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## बहुविवाहसम्बन्धी कानुन रोक्न माग

बुटवल । नेपाल महिला संघ, काठमाडौं जिल्ला कमिटीले बहुविवाह गर्न पाउने व्यवस्थासहितको मस्यौदा तयार भएको भन्दै आइरहेका समाचारहरूप्रति ध्यानाकर्षण गराउँदै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरासियालाई ज्ञापन पत्र बुझाएको छ ।

मंगलबार सिंहदरबास्थित मन्त्री चौरासियाको कार्यकक्षमा पुगेर कमिटीका सदस्यहरूले ज्ञापन पत्र बुझाएका हुन् ।

यस्तो कानुनको मस्यौदाले विभिन्न नाममा आन्दोलनबाट प्राप्त अधिकारहरू तुहाउने प्रयास भइरहेको संघले ज्ञापन पत्रमा उल्लेख गरेको छ ।

महिला समानताको नाममा अमुक व्यक्तिहरूको अवाञ्छित इच्छा पूरा गर्ने देखिएको र महिलाहरूलाई सधैं दासको रुपमा व्यवहार गर्न बाटो खुलाउने देखिएको ज्ञापन पत्रमा भनिएको छ । त्यसैले, नेपाल सरकार कानुन मन्त्रालयले हाल ल्याउन लागेको उक्त पश्चगामी कानुन तत्काल रोक्न जोडदार माग गरिएको छ ।

'कहिले राजनीतिक प्रतिनिधित्वमा गठबन्धनको कारण सहभागिता घटने, कहिले विवाहको उमेर घटाएर महिलाहरुलाई उत्पादन सम्बन्धसँग जोडिन र घरको चौघेराबाट बाहिर आउन नसक्ने वातवरण सृजना गर्ने, कानुनी व्यवस्था जस्ता प्रयासहरू भइरहेका छन् ।'- ज्ञापन पत्रमा उल्लेख छ ।

पितृसत्तात्मक सामाजिक संरचनाले महिलाहरू शक्ति, सत्ता र सम्पत्तिबाट वञ्चित भएको भन्दै उनीहरूले महिलाहरू सधैँ दासको रुपमा व्यवहार गर्ने बाटो खुलाउने ज्ञापन पत्रमा उल्लेख छ ।

## कुलिङ पिरियडमा मुख्य सचिवको दबाब : खतिबडा

बुटवल । प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले मुख्यसचिव तथा सचिवहरूले संघीय निजामती सेवा विधेयकमा कुलिङ पिरियडको व्यवस्था हटाउन आफूलाई बिन्ती नै गरेको बताएका छन् ।

कुलिङ पिरियडबारे चलखेलपछि बनेको संसदीय छानबिन विशेष समितिसमक्ष खतिवडाले विशिष्ट श्रेणी र प्रथम श्रेणीका कर्मचारीले कुलिङ पिरियड हटाउन आग्रह गरेको बताएका हुन् ।

यसमा त्रुटि भएको, तर आफूबाट नभएको उनले दाबी गरेका थिए । 'विशिष्ट श्रेणी र प्रथम श्रेणीका कर्मचारीहरु समितिको छलफल बैठकमा उपस्थित भई 'यति बिन्ती छ यो कुलिङ पिरियडचाहिँ हटाइदिनुहोस्, यति अनुरोध गऱ्यौं भनेर अन्तिम मिटिङ, जुन दिन समितिले प्रतिवेदन पारित गर्ने दिन थियो, त्यसबेलासम्म मुख्य सचिव तथा सचिवहरू, विशिष्टहरू विरोधमै हुनुहुन्थ्यो ।'- उनले बयानमा भनेका छन् ।

जेठ २ गतेको समितिको बैठकमा राजीनामा भन्ने शब्दसमेत थप गरी कुलिङ पिरियडको व्यवस्था पारित गरेकोमा निश्चय नै त्रुटि भएको खतिवडाले बताए ।

जेठ ६ गते अनौपचारिक बैठक बसेको र शिक्षामन्त्री रघुजी पन्तलाई एउटा फोन आएपछि प्रतिवेदनमा हस्ताक्षर रोकिएको पनि उनले बयानमा खुलाएका छन् ।

राज्य व्यवस्था समितिबाट उप-समितिले पेस गरेको प्रतिवेदनमा एक वर्षको सट्टा २ वर्ष थप गरी कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्था पारित गरिएको हो । दफावार छलफलका लागि उपसमितिलाई जिम्मा दिएर कुलिङ अफ पिरियड किन राख्नुपऱ्यो भन्नेबारे छलफल गरिएको उनको भनाइ थियो ।

# लुम्बिनी प्रदेशमा ९६ प्रतिशत धान रोपाइँ सकियो




**आचार्य प्रदीप**

*बुटवल*

लुम्बिनी प्रदेशमा २०८२ सालको धान रोपाइँ कार्य उल्लेखनीय रूपमा सम्पन्न हुँदै गएको छ। प्रदेशका १२ वटै जिल्लामा कुल ३ लाख २ हजार ९३९ हेक्टर जमिन धान रोपाईंका लागि उपयुक्त छ, जसमा साउन १६ गतेसम्म २ लाख ९० हजार ७ सय ७ हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ। जुन ९६ प्रतिशत हुन आउँछ।

प्रदेशका अधिकांश जिल्लामा ९० प्रतिशतभन्दा बढी रोपाइँ सम्पन्न भइसकेको छ भने केही जिल्लाहरू, विशेषगरी रोल्पा र बर्दियाले १०० प्रतिशत लक्ष्य पूरा गरेको कृषि विकास निर्देशनालय लुम्बिनी बुटवलका निमित्त प्रमुख रामप्रसाद पाण्डेले जानकारी दिए ।

कृषि विकास निर्देशनालय लुम्बिनी बुटवलले दिएको जानकारी अनुसार बर्दिया र रोल्पामा शतप्रतिशत रोपाइँ भएको छ । बर्दिया जिल्लामा ५० हजार १५० हेक्टर र रोल्पा जिल्लामा ४ हजार ५४७ हेक्टर रोपाइँ क्षेत्रमै पूरै रोपाइँ सम्पन्न भएको महानिर्देशक पाण्डेले जानकारी दिए । गुल्मीमा भने कुल ७ हजार ५३९ हेक्टर धान रोपाइँ क्षेत्रफलमध्ये ६ हजार ५४४ हेक्टरमा रोपाइँ भएको छ, जसले ८७ प्रतिशत प्रगति देखिएको हो ।

रुपन्देहीमा ६२ हजार ६२२ हेक्टर खेतीयोग्य जमिन रहेकोमा ६० हजार ५६७ हेक्टरमा धान रोपिन्छ र ५९ हजार ३५६ हेक्टरमा हालसम्म रोपिएको छ, जसले ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको देखाउँछ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कुल ४० हजार ६३९ हेक्टर खेतीयोग्य जमिनमध्ये २० हजार ४६० हेक्टरमा धान खेती हुने क्षेत्र रहेको छ, जसमा २० हजार ७० हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ। यो ९८ प्रतिशत प्रगति हो।

कपिलवस्तु जिल्लामा धान रोपाइँ हुने क्षेत्रफल ६५ हजार ८७१ हेक्टर रहेकोमा ६२ हजार ९०७ हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ, जुन ९६ प्रतिशत हो। पाल्पामा ८ हजार २१० हेक्टर रोपाईं क्षेत्रफलमध्ये ७ हजार ९१७ हेक्टरमा रोपाईं सम्पन्न भएको छ, जुन ९४ प्रतिशत हो।

अर्घाखाँचीमा ६ हजार ७६० हेक्टर क्षेत्रफलमा रोपाइँ हुने क्षेत्रमध्ये ६ हजार ६२५ हेक्टरमा रोपाइँ सकिएको छ जुन ९८ प्रतिशत हो । दाङमा ३७ हजार २२५ हेक्टरमध्ये ३३ हजार ५०३ हेक्टरमा रोपाइँ सकिएको छ, जुन ९० प्रतिशत हो । बाँकेमा ३४ हजार ७११ हेक्टरमध्ये ३२ हजार ५४२ हेक्टरमा रोपाइँ सकिएको छ। जुन ९४ प्रतिशत हो ।

प्यूठानमा ६ हजार ५२५ हेक्टर क्षेत्रफलमा धान रोपिँदा ६ हजार ३९५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । जुन ९८ प्रतिशत हो । रुकुम (पूर्व) मा भने ३५४ हेक्टरमध्ये ३५२ हेक्टरमा रोपाईं सम्पन्न भएको छ, जुन ९९.५ प्रतिशत हो।

**कृषकहरू उत्साहित**

लुम्बिनी प्रदेशमा यो वर्षको धान रोपाइँ अपेक्षाकृत राम्ररी सम्पन्न भएपछि कृषकहरू उत्साहित भएका छन् । समयमै वर्षा, सिँचाइको सहजता, मल-बिउको उपलब्धता र सरकारी सहजीकरणले गर्दा यस वर्षको खेतीप्रति किसानहरूमा ठूलो आशा पलाएको छ ।

रुपन्देहीको सैनामैना नगरपालिका-५ का कृषक मोतीलाल चौधरी यस वर्ष सन्तुष्ट देखिन्छन् । उनले भने-"अघिल्ला वर्षजस्तो हैरान भइएन, पानी पनि राम्रै समयमा पऱ्यो, सिँचाइ पनि आयो । पहिले खेत सुक्खा हुन्थ्यो, बिउ राख्नै नसकिने । अहिले सिँचाइ आयोजना चलिरहेको छ, मोटरको भर नपर्ने भयो । खेतमा हरियाली देख्दा आत्मा नै शान्त हुन्छ । यदि असिना वा रोग नलागे, यसपालि राम्रो धान निकालिन्छ भन्ने आशा छ ।"

कपिलवस्तुको विजयनगर गाउँपालिका-२ की कृषक सीता थारुका अनुसार, रोपाइँ सजिलो हुनुमा सरकारी तालिम र मल-बिउको सहजताले ठूलो भूमिका खेलेको छ । "हामीजस्ता साना किसानका लागि हरेक वर्षको धान नै जिन्दगी हो । पालिकाले तालिम दियो, मल-बिउमा राहत मिल्यो । मैले १० कट्ठामा 'राधा-४' राखेकी छु, अहिले राम्रो उम्रिएको छ । महिलालाई प्रविधिमा पहुँच मिल्यो भने अझ राम्रो हुन्थ्यो ।"-उनले भनिन् ।

युवा कृषकको हैसियतले बर्दिया बाँसगढी नगरपालिका-४ का कृष्ण पौडेलले यस वर्षको खेतीमा अत्याधुनिक प्रविधि प्रयोग गरेका छन् । उनी भन्छन्-"यसपालि ड्रोनमार्फत् मल छरिएको छ, बिउको उपचारसमेत गरियो । उत्पादन राम्रो भए कृषि व्यवसायमै पूर्ण समय दिने सोंचमा छु । अब कृषि घाटाको होइन, सम्भावनाको क्षेत्र हो ।"

दाङको बबई गाउँपालिकाका कृषक चन्द्रबहादुर विकले भने यान्त्रिकीकरणले खेती सहज बनेको अनुभव सुनाए । "पहिले गोरु र हल, अहिले ट्र्याक्टर, थ्रेसर र प्लान्टर चलाउने अवस्था आएको छ । यस वर्ष पानी मिल्यो, पालिकाबाट बिउ पाइयो । अब त गाउँका युवाहरू पनि वैदेशिक रोजगारी छाडेर खेतीमा फर्किन थालेका छन्," उनले भने - "पहिले महिला खेतमा पस्न हुन्न भन्ने चलन थियो, तर अहिले म नेतृत्व गरेर सहकारीमार्फत् २ बिघा जमिनमा रोपाइँ गराएको छु ।"

**उत्पादकत्व प्रतिहेक्टर ४ टन पुग्ने अपेक्षा**

कृषि मन्त्रालयका अनुसार, लुम्बिनी प्रदेशमा अघिल्लो वर्ष करिब ११ लाख मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष समयमै रोपाइँ सम्पन्न भएकाले उत्पादनमा सामान्य वृद्धि हुने अपेक्षा गरिएको छ । यदि मौसम अनुकूल रह्यो भने प्रति हेक्टर उत्पादकत्व ३.५ देखि ४ टन पुग्ने अनुमान गरिएको छ ।

# झण्डै तीन करोडको कोल्ड स्टोर किन चलेन ?



**नरेश चौधरी**

*सैनामैना*

रुपन्देही जिल्लाको सैनामैना नगरपालिका-३, मुर्गियामा झण्डै तीन करोडको लगानीमा निर्माण सम्पन्न भएको अत्याधुनिक कोल्ड स्टोर (चिस्यान केन्द्र) सञ्चालनविहीन अवस्थामा रहेको छ।

संघीय सरकार, लुम्बिनी प्रदेश सरकार तथा स्थानीय तह सैनामैना नगरपालिकाको संयुक्त लगानीमा आर्थिक वर्ष २०७७/०७८ मा सम्झौता भई २०८०/०८१ मा दुई करोड ६७ लाख ४५ हजार रुपैयाँभन्दा लागतमा निर्माण सम्पन्न भएको चिस्यान केन्द्र अझैसम्म सञ्चालनमा आउन सकेको छैन।

सैनामैना नगरपालिकाको योजना शाखा प्रमुख इञ्जिनियर सुरज न्यौपानेका अनुसार चिस्यान केन्द्रमा अत्याधुनिक भवन, १०० केभीएको ट्रान्सफर्मर, जेनेरेटरलगायत सम्पूर्ण पूर्वाधार तयार भइसकेका छन् । चारवटा कोठासहितको सो चिस्यान केन्द्रको भण्डारण क्षमता ३०० मेट्रिक टन रहेको छ । तर सञ्चालनका लागि आवश्यक कार्यविधिको अभाव र कृषि उत्पादनको अपर्याप्तताले गर्दा कोल्ड स्टोर प्रयोगविहीन बनेको हो ।

नगरपालिकाको कृषि शाखा प्रमुख सृजना सुवेदीका अनुसार कार्यविधि तयार भइसके पनि कार्यपालिकाबाट स्वीकृत नहुँदा प्रक्रिया अगाडि बढ्न सकेको छैन । अर्कोतर्फ, सैनामैनामा कोल्ड स्टोरको क्षमताअनुसार कृषि उत्पादन पर्याप्त नभएकाले पनि सञ्चालनमा समस्या देखिएको उनले जानकारी दिइन् ।

कोल्ड स्टोर निर्माण सुरु भएको पाँच वर्ष बितिसक्दा समेत सञ्चालन नहुँदा सरकारी लगानी उपयोगविहीन बन्दै गएको छ । कृषि प्रवर्द्धनका नाममा करोडौं लगानी गरिएको पूर्वाधार अलपत्र पर्दा स्थानीय किसान र उपभोक्ता समेतले लाभ लिन नपाएको भन्दै आलोचना सुरु भएको छ । विगतमा स्थानीय किसानहरूको उत्पादन संरक्षणका लागि निर्माण गरिएको भनिएको चिस्यान केन्द्र तत्काल सञ्चालनमा ल्याउन सरोकारवाला निकायबिच समन्वय र कार्यान्वयनको खाँचो रहेको स्थानीयवासीको भनाइ छ।

सरकारका तीन तहको संयुक्त लगानीमा निर्माण गरिएको कोल्ड स्टोर समयमै सञ्चालनमा नआउनु सरकारी संयन्त्रको कमजोरीका रुपमा लिइएको छ । अब सरोकारवाला निकायहरूले गम्भीर भएर योजना कार्यान्वयन नगरेमा यस्ता विकास योजनाहरू भ्रष्टाचार र फजुल खर्चका उदाहरण बन्ने जोखिम देखिएको छ।




## सम्पादकीय

# विपद्बाट बच्न सर्तकता

लामो खडेरीपछि दुई दिनदेखि वर्षा भइरहेको छ । बाढी, पहिरो र डुबानको जोखिम बढेको छ। वर्षाले कतै ठूलो क्षति नभए पनि सम्भावित जोखिम न्यूनीकरणका लागि सर्तकता आवश्यक छ। विपद्को पूर्वतयारीका कार्यमा ध्यान दिन सके क्षति न्यूनीकरण गर्न सकिन्छ।

विपद् व्यवस्थापनमा पूर्व तयारी र कार्य तथा विपद्पछिको उद्दार र राहतमा सरकारको ध्यान जानुपर्छ । गत वर्ष विपद् व्यवस्थापनमा चुक्दा ठूलो जनधनको क्षति भयो । यो वर्ष रसुवामा आएको बाढीको उद्दारमा सर्तकता अपनाउँदा नागरिकले राज्यको अनुभूति गर्न पाए । विपद्को पूर्व तयारी र प्रतिकार्यमा अझै पनि हामी कमजोर छौँ । उद्दार र राहतका लागि जति सक्रियता छ, विपद् रोक्नका लागि पहलकदमी कमजोर छ । विपद् रोक्न सक्रियता कमजोर हुँदा ठूलो जनधनको क्षति भएको पाठ सिक्न राज्य चुकिरहेको छ।

यो वर्ष नेपालमा सरदर मितिभन्दा १५ दिन छिटो मनसुन प्रवेश गऱ्यो । जल तथा मौसम विज्ञान विभागका अनुसार, नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ रहे पनि मे २९ मा नै मनसुन भित्रिएको थियो । त्यसैगरी यो वर्ष सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ । जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको छ । सरदरभन्दा बढी वर्षा हुने दर ३५ देखि ६५ प्रतिशत रहेकोले विपद पूर्व तयारी तथा प्रति कार्यका लागि सहज भएको छ । गत वर्ष पनि जल तथा मौसम विज्ञान विभागले ४५ देखि ६५ प्रतिशत बढी वर्षा हुने आकलन गरेको थियो । अझै दिन र ठाउँ नै तोकेर वर्षा धेरै हुने प्रक्षेपण गर्दा समेत सरकारले सजगता अपनाउन नसक्दा ठूलो मानवीय र भौतिक क्षति भयो । जल तथा मौसम विज्ञान विभागले गरेको प्रक्षेपणअनुसार रात्रि बस सञ्चालन रोक र जोखिमयुक्त सडकमा चुस्त निगरानी राख्ने योजना भए पनि कार्यान्वयनमा ध्यान नदिँदा काठमाडौं जाँदै गरेका गाडी पहिरोमा पर्दा चार दर्जनको ज्यान गयो । सिन्धुपाल्चोक, काभ्रे र काठमाडौंमा पनि बाढी र पहिरोले ठूलो क्षति भयो । गत वर्षको क्षतिले पूर्व तयारी र प्रति कार्य योजना कार्यान्वयन प्राथमिकतामा पर्नुपर्छ भन्ने सन्देश दिएको छ । यो वर्ष पनि ३५ देखि ६५ प्रतिशत बढी वर्षा हुन्छ भन्ने प्रक्षेपण भएको छ । अझ लुम्बिनी र गण्डकी प्रदेशमा सरदरभन्दा बढी वर्षा ५५ देखि ६५ प्रतिशत हुने प्रक्षेपण भएकाले लुम्बिनी र गण्डकी बढी जोखिममा छन् भन्ने आँकलन गर्न सकिन्छ।

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि तहगत सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनलाई जोड दिँदै आएका छन् । कार्ययोजनामा तहगत सरकारले गर्नुपर्नेकाम, समन्वय र सहकार्य प्रष्ट उल्लेख भए पनि कार्यान्वयन फितलो हुँदा जोखिम न्यूनीकरण हुन सकिरहेको छैन । कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले मनसुनजन्य विपद् जोखिम बढेपछि सरकारका सम्पूर्ण निकायहरूलाई आवश्यक सतर्कता अपनाउन निर्देशन दिएर पहलकदमी लिएका छन् । विपद् रोक्न र भइहाले क्षति न्यूनीकरण गर्न सरोकारवाला सरकारी निकायबिच समन्वय गरी अघि बढ्ने हो भने विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ।

# प्राकृतिक नियम र करुणाको दर्शनः बौद्ध



**अम्बिसा अधिकारी**

*नेपालमा अझै पनि जात धर्मको आधारमा विवाद छ, यदि बौद्धको शिक्षा पालना गर्ने हो भने यसको न्यूनीकरण गर्न सकिन्छ । उनले 'अप्प दिपो भव' अर्थात् 'आफ्नो दीप आफैँ बन' भन्ने कुरालाई मूल मन्त्र बनाए । जसले मानवमा चेतनाको विकास गर्यो । बौद्धको पालनाले केवल मानिसले धर्म मात्र सिक्दैनन्, उनीहरुले जिम्मेवार नागरिक बन्न करुणा, समता, अहिंसा र आत्मसुधारको भावना निर्माण गर्नुपर्छ*

प्राकृतिक नियम भनेको प्रकृतिमा आफैँ निर्माण भएको नियम हो। यी नियम पृथ्वीमा उत्पन्न हुने सबै जीव र वस्तुहरूमा निरन्तर लागू हुन्छ । प्राकृतिक नियम हामी मान्छेले बनाएको नियम होइन यो नियम प्रकृति निर्मित नियम हो । प्राकृतिक नियमहरू त्यस्तो नियम हुन् जुन न त मान्छेले बनाउन मिल्छ न बदल्न न त यसलाई बिगार्न सकिन्छ। जसरी सूर्य प्राकृतिक वस्तु हो वा पानी आफैँ बग्छ यसलाई हामी मानिसले बदल्न सक्दैनौँ।

जीवनभरि अरुलाई मनबाट निःस्वार्थ प्रेम र सेवा गर्नु नै करुणा हो। अरुको दुःखलाई पनि आफ्नै दुःख सम्झिनु र सेवा गर्नु अरुको दुःखलाई पनि आफ्नै दुःख सम्झिएर समाजमा सहायता गर्न उत्पन्न हुने भावना नै करुणा हो । संसारमा कयौं यस्ता व्यक्तिहरू छन्, जो आफूमा आत्मनिर्भर छैनन् र तिनीहरूको जीवनमा कयौं दुःख आउँछ । जसलाई कम गर्न हृदयदेखि उत्पन्न हुने माया नै करुणा हो।

नेपालको पहिचान हिमाल, पहाड, संस्कृति र ऐतिहासिक सम्पदा मात्र होइन्, यसमा कानुनी प्रणाली पनि एक महान परिवर्तनका रुपमा मानिन्छ। बौद्ध न्यायशास्त्र सरकारी कानुन मात्र नभएर एक करुणाको प्रणाली पनि हो । जहाँ नियम जीवनलाई सही मार्गदर्शन गराउन सिकाउँछ र न्याय दुःखलाई कम गराउन सिकाउँछ। प्राकृतिक नियमलाई बौद्ध दृष्टिकोणले हेर्दा यो सर्वत्र खोज हो, जहाँ न त सरकारको शक्तिले बदल्न सकिन्छ। यो त प्राकृतिक नियम हो यी सबै मानिसको स्वभावले निर्देशित नियम हुन्। प्राकृतिक नियम सबै जीवित प्रणालीका लागि एउटै हो र यो नियम सबैका लागि समान छ। प्राकृतिक नियम र करुणाको दर्शनको एक अर्कामा पारस्परिक सम्बन्ध छ, जसले हरेक वस्तु र कार्यको निर्धारण गर्छ र त्यसबाट उत्पन्न हुने विषयवस्तुलाई नियम कानुनको रुपमा लागू गरिन्छ। कुनै पनि कार्यको उत्पादन निश्चित छ र हरेक पाइलामा कानुन र न्यायको उत्तिकै महत्व छ र समाज परिवर्तनका लागिहरेक पाइलामा नियमको लागू हुनु जरुरी छ।

प्राकृतिक नियमहरू यस्तो नियम हुन् कि जहाँ सृष्टिको स्वत; हिँड्ने जीव, जहाँ जन्म, वृद्धि, नष्ट, मृत्यु, जस्ता प्रक्रिया बिना कुनै भेदभाव निरन्तर अगाडि बढेका हुन्छन् । जब मानिसले आफ्नो मनको पीडा, दुःख, भोगाई ,आफूले नै देख्छ, त्यो करुणा हो र यही भावनाले प्राकृतिक नियमको विकास गर्छ र त्यो पीडालाई सहज बनाउने मार्गदर्शन देखाउँछ । त्यसैले करुणा भनेको चेतनशील द्वन्द्व हो जुन मानिस आफैँमा उत्पन्न हुन्छ। यदि मान्छेमा करुणा भयो भने सहजतापूर्वक देश परिवर्तन हुन सक्छ।

प्राकृतिक नियम जसरी आफ्नै गतिमा चल्छ त्यसैगरी मानिसको जीवनमा पनि आफ्नै गतिमा चल्छ । यदि सबै प्राणीमा करुणाको भावना छ भने जीवनमा दुःख घटाउन सकिन्छ। समाजमा उत्पादित घृणा भेदभाव कम गर्न जरुरी छ। जसरी पानीको महत्व सबैका लागि उत्तिकै छ, जुनले प्रकाश दिन्छ सूर्यले बिना भेदभाव सबैलाई ताप दिन्छ । करुणाको दर्शनले मानवताको भावना जगाउँछ अरुको दुःख अरुको अभावलाई बुझ्ने प्रेरणा दिन्छ, समानताको भावनालाई समेट्छ। यी दुई दर्शनले मानिसको सोचलाई बलियो बनाउँछ। अरुको दुःखलाई कम गर्न सक्नु नै मानवता हो। कानुन केवल नियम होइन यो मानवता पनि हो। जब हामीले प्रकृति देख्छौं। हामीले धैर्यता सिक्छौँ । जब हामीले करुणाको भावना उत्पन्न गर्छौं । तब हामी सहनशील बन्न सक्छौँ । यस्तो भावनाले कानुनी सोचलाई बदल्न सक्छ। कानुन दण्डको यन्त्र मात्र होइन, यो त सहमतिको आधार पनि हो। उदाहरणका लागि; जब मानिसले चोरी गर्छ त्यो उसको इच्छा होइन, यसलाई रिसले चर्को आवाजमा सजाय दिनुभन्दा शान्त सोचले काम गर्न उचित छ। उसको दुःखलाई पनि आफ्नै दुःख बनाएर सहयोग गर्यौँ, ज्ञान सिप दियौँ, भने उसको सोच बदल्न सकिन्छ । यसमा पनि न्यायको अर्को रूप देख्न सकिन्छ।

बौद्ध दर्शन भनेको दुःखलाई कम गर्न सक्ने मार्ग हो । यसले एउटा लोभ, ईर्ष्यालाई कम गराई करुणा सिकाउँछ । जीवनमा झुटलाई अगाडि बढाउनुभन्दा सत्यलाई बुझ्न जरुरी छ । बौद्ध दर्शन जीवनलाई करुणा, समझदारी र दुःखबाट छुटकारा दिने बाटो हो। मानिसमा करुणाको भावना जाग्यो भने अदालतमा उभिनु जरुरी हुँदैन।

बौद्ध दर्शन गौतमबुद्धले स्वयं बनाएका हुन् । उनले दुःखका कारण खोज्न आफू बस्ने राजदरबार छाडे र गहिरो ध्यान, अनुसन्धान र आफ्नो जीवनको अनुभवबाट सत्यको खोजी गरे। उनले मानिसको मोह, डाहा, ईर्ष्या, लोभ, अशिक्षा नै दुःखको कारण हो भन्ने कुरा बुझे । त्यसैले उनले करुणा सम्यक सोच र मध्यम मार्ग सिकाए। बुद्धले मानिसको जीवनमा दुःख छ दुःखको कारण छ त्यसको मार्ग छ र दुःखको समाधान गर्नसकिन्छ भन्ने कुरा बुझेर सबैलाई त्यही ज्ञान दिए । उनले कुनै दर्शन लेखेनन्, तर उनले जीवनलाई प्रश्न र अनुभवबाट बुझ्न सिकाए। बौद्ध दर्शन केवल शब्दको सजावट होइन यो चेतनाको ज्ञान हो । बौद्ध न्यायशास्त्रले केवल कानुन डर त्रासमा निर्माण गर्नु होइन, यो त चेतना हो भन्ने कुरालाई समेट्छ। देशमा कानुन सबैमा समान रुपमा लागू हुन जरुरी छ, जसरी प्रकृति सबैमा समान छ। समानताले नै करुणा जगाउँछ र सबैले आत्मबोध गर्न सिक्छन्। बुद्धले आफ्नो अनुभवबाट कानुन निर्माण गरेका छन् यी नियम कुनै नेताहरूले वा राज्यले बनाएको नियम होइनन्।

जब बुद्ध धर्मको उत्पन्न भयो तब सिद्धान्त मात्र होइन, एउटा वास्तविक अनुभूतिको रूपमा छरिन थाल्यो । बुद्धले बोलेको शब्द केवल कानुनी रुपमा नभई हरेक मानिसको जीवनमा उत्तिकै मद्दत गरेको पाइन्छ । राजा अशोक जो सधैँ अहिंसा घृणालाई जोड दिन्थे, जब उनले बुद्ध दर्शनलाई पालना गर्न थाले त्यसपछि उनले अहिंसा घृणा त्यागे। उनमा केवल घृणाली जीवन सरल नहुने रहेछ । भन्ने भावनाको विकास भयो । मानिस केवल एक जोडी कपडा र सरल जीवन शैलीमा बाँच्नुपर्छ भन्ने उनको धारणा थियो । लोभ डाहाले समाजमा असंकोच अहिंसा फैलाउँछ भन्ने उनको मानसिकता थियो । उनले सबैलाई धैर्यता अहिंसाको पाठ सिकाए । नेपालमा लुम्बिनी, कपिलवस्तु जस्ता ठाउँ छन्, जहाँ शान्त छ जहाँ जाँदा मनमा छुट्टै आनन्द आउँछ। बौद्ध दर्शन केवल किताबमा मात्र होइन जीवनमा पनि लागू गर्न जरुरी छ।

आजको नेपालको कानुनी शिक्षा यदि बौद्धको नियम अनुसार चल्छ भने समाजमा दुःख कम गर्न सहजता मिल्थ्यो। पहिलेको समाजमा मानिसमा जात धर्म संस्कृतिका आधारमा भेदभाव थियो। बौद्धले चार आर्य सत्य सिकाए जहाँ दुख, कारण, अन्त, मार्ग सिकाए । उनले करुणाको भावना जगाए उनले अष्टाङ्गिक मार्ग पनि सिकाए जसले मानिसको सोचलाई बदल्न सक्षम बनायो । नेपालमा अझै पनि जात धर्मको आधारमा विवाद छ र यदि बौद्धको शिक्षा पालना गर्ने हो भने यसको न्यूनीकरण गर्न सकिन्छ। उनले 'अप्प दिपो भव' अर्थात् 'आफ्नो दीप आफैँ बन' भन्ने कुरालाई मूल मन्त्र बनाए । जसले मानवमा चेतनाको विकास गर्यो। बौद्धको पालनाले केवल मानिसले धर्म मात्र सिक्दैनन्, उनीहरुले जिम्मेवार नागरिक बन्न करुणा, समता, अहिंसा र आत्मसुधारको भावना निर्माण गर्नुपर्छ भन्ने सिके । यसले व्यक्तिगत शान्ति मात्र नभई समाजलाई पनि चेतनशील र समाजको सोंचलाई परिवर्तन गर्न सहयोग पुऱ्याउँछ। बौद्धको शिक्षाले धनी र गरिब बीचको फरकलाई समाधान गर्न सहयोग गर्छ । उनले कोही पनि धनी र कोही पनि गरिब हुँदैन भन्ने धारणा राखेका छन्। बौद्ध दर्शनले जीवनको अर्थ बुझ्ने मार्ग। शिक्षकले सम्यक बाणी प्रयोग गरे भने शिक्षामा परिवर्तन ल्याउन सकिन्छ। यदि सबैले समान पूर्वक बाँच्न पाउने हकको पालना गर्यौँ भने गरिब र धनी बिचको भेदभाव हटाउन सकिन्थ्यो। नेपालजस्तो बहुभाषिक बहुसांस्कृतिक र सामाजिक रूपान्तरणको बाटोमा उभिएको देशमा भेदभाव हुनु गलत हो । यसको न्यूनीकरण गर्यौँ भने समाजले गति फेर्न सक्नेथियो।

नेपालको संविधान २०७२ मा प्राकृतिक नियम र करुणाको दर्शन प्रत्यक्षरूपमा उल्लेख नभए पनि यसको सार विभिन्न धाराहरूसँग आधारित छ। नेपालको संविधान २०७२ को धारा १६ मा सम्मानपूर्वक जीवनयापन गर्ने हक उल्लेख गरिएको छ। जुन बौद्ध धर्मको पञ्चशीलको पहिलो सिल प्राणी हत्या नगर्ने शीलसँग सम्बन्धित छ । धारा १८ मा समानताको हक निर्धारण गरिएको छ । जसमा बौद्ध धर्ममा करुणा र भेदभाव विरोधको बारेमा बुझाउँछ। जब मानिसले बौद्ध धर्मलाई मनबाट नै पालना गर्छन्, तब बौद्ध दर्शन केवल आदर्श होइन व्यवहारिक परिवर्तनको मार्ग बन्न सक्छ। जब कोही मानिस दुःखमा हुन्छ, उसलाई दण्ड होइन चेतना दिन जरुरी हुन्छ। मान्छे जन्मिदैमा गरिब बन्छु भनेर जन्मेको हुँदैन । समय परिस्थितिले उसलाई गरिब बनाउँछ र त्यस्तो व्यक्तिको दुःखलाई न्यूनीकरण गर्नु नै प्राकृतिक नियमको आधुनिक पुनःपरिभाषा हो । बौद्ध न्यायशास्त्रले यस्तो समाजको निर्माण गर्छ, जहाँ अपराधको उपचार द्वेषले होइन करुणाले हुन्छ। जसरी बिग्रिएको माटोलाई मलजल गरेर उर्वरायुक्त जमिन बनाउन सकिन्छ, त्यसैगरी अज्ञान वा परिस्थितिबस कुलतमा वा गलत मार्गमा लगेको व्यक्तिलाई नयाँ जीवन दिन सकिन्छ।

**निष्कर्ष**

प्राकृतिक नियम र करुणाको दर्शन बौद्ध न्यायशास्त्रका मूल अन्तर्य हुन्, जसले कानुनलाई केवल दण्ड र नियन्त्रणको यन्त्र नभई मानव चेतनासँग जोडिएको मूल्य-प्रधान व्यवहारको रूपमा हेर्छन् । प्राकृतिक नियम हरेक जीवमा समान रूपमा लागू हुने सत्य हो, जुन न त मानवले बनाउँछ, न बदल्न सक्छ, र न त त्यसलाई नकार्न सक्छ। यसैगरी, करुणा भनेको मानव अन्तःकरणबाट स्वतः उत्पन्न हुने भावना हो, जसले समाजमा सहअस्तित्व, सहिष्णुता र सहानुभूतिको विकास गर्छ। बौद्ध दर्शनले कानुनलाई केवल राज्यको औपचारिक संरचना नभई करुणामूलक समाज निर्माणको माध्यमका रूपमा प्रस्तुत गर्छ। करुणासँग जोडिएको कानुनले मानिसको दुखलाई बुझ्न र सम्बोधन गर्न मार्गदर्शन दिन्छ, जुन कुनै कठोर दण्ड होइन, बरु चेतनाको जागरण हो।

नेपालजस्तो बहुजातीय, बहुसांस्कृतिक र रूपान्तरणशील समाजमा, बौद्ध दर्शनमा आधारित करुणा र प्राकृतिक नियमको अध्ययन अत्यन्त सान्दर्भिक छ । जब कानुनी प्रणालीमा करुणाको चेतना प्रवेश गर्छ, त्यहाँ कानून निष्पक्ष, समावेशी र न्यायपूर्ण बन्न पुग्छ। प्राकृतिक नियम र करुणाको अन्तर्सम्बन्धले नै बौद्ध न्यायशास्त्रलाई अद्वितीय बनाउँछ, जसले समाज परिवर्तन, समानता, र दिगो शान्तिको मार्ग देखाउँछ । यसैले आजको समयको आवश्यकता हो–बौद्ध शिक्षालाई नीतिगत, शैक्षिक, र न्यायिक संरचनामा आत्मसात् गर्नु, जसबाट हामी व्यवहारिक रूपमा सहिष्णु, समतामूलक र विवेकशील राष्ट्र निर्माणको दिशामा अगाडि बढ्न सक्छौँ।

भवतु सब्ब मंगलम् !

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्कुल अफ ल सिटि क्याम्पसमा बि.ए.एल्.एल्. बि. दोस्रो सेमेष्टरमा अध्ययनरत विद्यार्थी हुन् ।)

# डेंगु तीव्र रूपमा फैलिँदैछ, तर के सबैका लागि खोप पहुँचयोग्य छ ?

**कविन मलेकु**

लामखुट्टेबाट सर्ने रोग जसलाई गम्भीर शरीर दुखाइका कारण 'हाड भाँच्ने ज्वरो' भनेर पनि चिनिन्छ, अब केवल मौसमसँग सम्बन्धित सानो समस्या मात्र रहेन । यो वर्षभरि देखिने विश्वव्यापी चुनौती बन्दै गएको छ र नेपालजस्ता निम्न तथा मध्यम आय भएका देशहरूमा यसको भार झनै बढ्दो छ।

स्थिति गम्भीर बन्दै गएको छ। सन् २००० देखि २०१९ सम्ममा, विश्वभर डेंगुका घटना दश गुणा बढेका छन्। २०२३ मा ८० भन्दा बढी देशमा ६५ लाखभन्दा बढीमा संक्रमण र ७३००को मृत्यु भएको थियो । २०२४ मा नेपालमा मात्रै २८,२१२ संक्रमित र १२ जनाको मृत्यु भएको थियो भने ७७ मध्ये ७६ जिल्लामै संक्रमण फैलिएको थियो । बंगलादेश र थाइल्यान्ड जस्ता छिमेकी देशहरूले अझै धेरै भयावह अवस्था भोगेका छन्।

**किन डेंगु यति चाँडो फैलिँदैछ ?**

विज्ञहरूका अनुसार, तीव्र शहरीकरण र जलवायु परिवर्तनले डेंगुको मुख्य वाहक एडिस एजिप्टाई लामखुट्टेलाई नयाँ ठाउँहरूमा बस्न अनुकूल वातावरण दिइरहेको छ।

**खोपको आशा**

हालसम्म डेंगुका लागि कुनै विशेष उपचार छैन। डेंगुको हेरचाह भनेकैलक्षण व्यवस्थापन र गम्भीर असर रोक्नेहो। लामखुट्टे नियन्त्रण उपायहरू छन् तर पर्याप्त प्रभावकारी छैनन्। यस्तोमा खोप नै विकल्प बन्न सक्ने आशा गरिएको छ।

**हाल उपलब्ध दुई खोपहरू**

डेङ्गु भ्याक्सिया- सन् २०१९ मा स्वीकृत, ६-१६ वर्षका पहिले डेंगु भइसकेका बालबालिकाका लागि तीन मात्रा एक वर्षको अन्तरमा दिइन्छ। तर, डेंगु नभएकाहरूमा गम्भीर असर देखिएकाले यो सिफारिस गरिएको छैन। यही कारण अमेरिका लगायत धेरै देशमा यसको प्रयोग कम हुँदै गएको छ।

क्युदेंगा - ताकेदा कम्पनीको यो नयाँ खोप मे २०२४ मा विश्व स्वास्थ्य संगठनबाट स्वीकृत भएको हो । चारै प्रकारका डेंगुविरुद्ध प्रभावकारी मानिएको यो खोप दुई मात्रा तीन महिनाको अन्तरमा दिइन्छ । यो पहिले डेंगु भइसकेका व्यक्तिमा बढी प्रभावकारी देखिएको छ, तर डेंगु नभएकाहरूका लागि पनि केही मात्रामा सुरक्षा दिन्छ।

क्युदेंगा अहिले ब्राजिल, थाइल्यान्ड, इन्डोनेसिया आदि देशहरूमा प्रयोग भइरहेको छ। तर समस्या के छ भने यसको मूल्य धेरै महँगो छ । नेपालको सन्दर्भमा हेर्दा, प्रतिव्यक्ति वार्षिक आम्दानी लगभग १ हजार ३२४ डलर छ। यस्तो अवस्थामा क्युदेंगाको एउटा खोप कोर्सको लागत, औसत व्यक्तिको वार्षिक आम्दानीको ७.४ प्रतिशत देखि २२.६६ प्रतिशत सम्म हुन जान्छ। अझ, धेरै मानिस दैनिक २ डलर भन्दा कम आम्दानीमा गुजारा गरिरहेकाले यो खोप साधारण जनताका लागि पहुँच बाहिरको कुरा हुन्छ।

**विगतबाट सिक्नुपर्ने**

सन् २०१६ मा फिलिपिन्सले पहिलोपटक राष्ट्रव्यापी डेंगु खोप कार्यक्रम सुरु गर्यो । तर, पहिले डेंगु नभएका बालबालिकामा प्रतिकूल असर देखिएपछि एक वर्षमै कार्यक्रम रोकिनु पर्यो। यसले जनविश्वासमा गम्भीर चोट पुऱ्यायो भने चेतावनीको रुपमा पनि काम गर्यो । खोपहरू बलियो एवम् सुरक्षित डेटा र स्पष्ट सञ्चारका साथ सावधानीपूर्वक लागू गरिनुपर्छ।

**अब के गर्नुपर्छ ?**

डेंगु खोपले नेपालजस्ता देशहरूमा हजारौँ जीवन बचाउन सक्छ। तर सरकारी कार्यक्रम, अनुदान वा अन्तर्राष्ट्रिय सहयोग बिना, यो मानिसहरुको पहुँचबाट अझै बाहिर रहन्छ।

स्वास्थ्य विज्ञहरू भन्छन्, सफल खोप कार्यान्वयनका लागि देशअनुसार फरक योजना आवश्यक हुन्छ । त्यसमा स्वास्थ्य प्रणालीको क्षमता, रोगको बोझ र खोपको लागत-प्रभाव सबै विचार गर्नुपर्छ । साथै, अन्तर्राष्ट्रिय साझेदारी र सहायता पनि अनिवार्य हुनेछ।

डेंगु रोकिएको छैन । बरु फैलिँदै छ। यदि हामी साँच्चै सबैभन्दा जोखिममा रहेकाहरुलाई सुरक्षित राख्न चाहन्छौं भने, यी जीवनरक्षक खोपहरूलाई सस्तो र पहुँचयोग्य बनाउनैपर्छ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक ४१ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ४१ दशमलव ७८ अङ्कले घटेर दुई हजार ८३३ दशमलव ५७ को बिन्दुमा कायम भएको छ। यो एक दशमलव ४५ प्रतिशतको गिरावट हो।

कारोबारमा ३२५ कम्पनीको दुई करोड २२ लाख सात हजार १४२ कित्ता शेयर एक करोड ३० लाख ९५३ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ३३ करोड ३९ लाख ८८ हजार ४८१ बराबरको कारोबार भएको छ।

लघुवित्त समूह शून्य दशमलव ४४ र म्युचुअल फन्ड शून्य दशमलव १७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ एक दशमलव ०८, विकास बैंक दुई दशमलव ४६, वित्त एक दशमलव ८५, होटल तथा पर्यटन शून्य दशमलव ९९, जलविद्युत् एक दशमलव ७१ र जीवन बिमा एक दशमलव ४२ प्रतिशतले घटेको छ। त्यसैगरी उत्पादन तथा प्रशोधन एक दशमलव ६३, निर्जीवन बिमा एक दशमलव २०, व्यापार एक दशमलव ८५ र अन्य समूह दुई दशमलव ७६ प्रतिशतले घटेको छ।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।



**मदन भण्डारी राजमार्ग पहिरोः**

पहिरोका कारण मङ्गलबार अवरूद्ध बनेको मदन भण्डारी राजमार्गअन्तर्गत गुल्मीको रिडी-तम्घास सडक । उक्त सडकअन्तर्गत रूरूक्षेत्र गाउँपालिका-३ स्थित बाखेभिरमा सडक माथिबाट पहिरो खसेपछि मंगलबार सडक अवरूद्ध भएको थियो । तस्विरः जनार्दन घिमिरे/रासस

# कोइलाबास भन्सारद्वारा लक्ष्यभन्दा बढी राजस्व संकलन




दाङ । दाङको एक मात्र कोइलाबास भन्सारले लक्ष्यभन्दा झण्डै रु १० लाख बढी राजस्व सङ्कलन गरेको छ ।

गत आर्थिक वर्ष २०८१/०८२ का लागि रु एक करोड ६३ लाख छ हजार राजस्व सङ्कलनको लक्ष्य पाएको कोइलाबास भन्सारले रु एक करोड ७२ लाख राजस्व सङ्कलन गरेको भन्सार प्रमुख लोकबहादुर विष्टले जानकारी दिए । सङ्कलित राजस्वमध्ये मुद्दाबाट रु १५ लाख एक हजार असुल भएको र बाँकी अस्थायी पैठारीबाट सङ्कलन भएको उनले बताए ।

भारतबाट कोइलाबास क्षेत्रसँगै रामजानकी मन्दिर, प्यूठानको स्वर्गद्वारी मन्दिर, दाङको चौघेरा मन्दिरलगायतका ठाउँमा पूजापाठ तथा घुमफिरका लागि आउने नागरिकले प्रयोग गर्ने सवारीसाधनबाट बढी मात्रामा राजस्व सङ्कलन हुने गरेको प्रमुख विष्टले बताए ।

व्यावसायिक रूपमा यो नाका धेरै चलनचल्तीमा छैन । यहाँ सवारीसाधनबाट नै बढी कर उठ्ने गर्छ ।

कुनै समय व्यापार व्यवसाय धेरै हुने नाकाको पहिचान बनाएको कोइलाबास पछिल्लो समय भारतीय पर्यटक नेपाल भित्रिने नाकाको रूपमा चिनिएको छ ।

कार्यालयले गत वर्ष साउनमा १२ लाख राजस्व उठाउने लक्ष्य लिएकामा रु नौ लाख २३ हजार मात्र उठेको थियो ।

भदौमा रु १३ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ६ लाख १९, असोजमा रु १३ लाख २६ हजारमध्ये रु सात लाख आठ हजार, कात्तिकमा रु १२ लाख ८९ हजार लक्ष्य लिएकाका रु नौ लाख १३ हजार तथा मङ्सिरमा रु १३ लाख ६८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु आठ लाख ९१ हजार सङ्कलन भएको प्रमुख विष्टले जानकारी दिए ।

यसैगरी पुसमा रु १३ लाख २५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ३० लाख ४६ हजार, माघमा रु १२ लाख ५४ हजार लक्ष्य लिएकामा रु १२ लाख ४९ हजार, फागुनमा रु १४ लाख ४४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ११ लाख, चैतमा रु १४ लाख ४३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु १० लाख ३२ हजार, यसै वर्ष बैशाखमा रु १३ लाख ८८ हजारमध्ये रु नौ लाख ८७ हजार, जेठमा रु १५ लाख ३३ हजारमा रु २३ लाख ४३ हजार तथा असारमा १४ लाख १७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु १९ लाख ६४ हजार सङ्कलन भएको थियो ।

# सिमलताल र चरौँदीमा विपद्को सूचना दिने उपकरण जडान



चितवन । सशस्त्र प्रहरी बल नेपालले सम्भावित विपद्का घटना तथा हुनसक्ने जोखिमबारे तत्कालै जानकारी दिने उद्देश्यले चितवनको सिमलताल र धादिङको चरौँदीमा विद्युतीय उपकरण (इलेक्ट्रिक डिभाइस) जडान गरेको छ ।

बढी दुर्घटना हुनसक्ने स्थान छनोट गरी सशस्त्र प्रहरी बल र लुना जिपिएस कम्पनीको सहकार्यमा हाललाई दुई ठाउँमा सो उपकरण जडान गरिएको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए । उनका अनुसार सो क्षेत्रमा दुर्घटना भइहालेमा उक्त उपकरणबाट तत्कालै सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा जानकारी प्राप्त हुनेछ ।

"कुनैपनि घटना तथा दुर्घटना भएमा त्यसको जानकारी दिनका लागि उक्त स्थानमा रहेका स्थानीय बासिन्दा तथा घटनाबारे जानकारी पाउने जो कोहीले सो उपकरणमा रहेको हरियो बटन १० सेकेण्डसम्म थिच्नुपर्ने हुन्छ, बटन थिचिसकेपछि सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन तालिम शिक्षालयमा रहेको साइरन बज्नेछ भने तालिम केन्द्रमा रहेको 'मोनिटर'मा घटना भएको स्थानसहित जानकारी हेर्न सकिन्छ ।"-सशस्त्रका सहप्रवक्ता थापाले भने ।

यसरी घटनाबारे साइरन बजेर दुर्घटना स्थानकाबारेमा जानकारी हुनासाथ तत्कालै उद्धारका लागि सुरक्षा फौज परिचालन हुनेछन् ।

सो उपकरणबारे तालिम शिक्षालय कुरिनटारले जडान गरिएका स्थानका स्थानीयलाई प्रयोगको तरिका र अवस्थाबारे जानकारी गराएको सशस्त्र प्रहरीले जनाएको छ । त्यसैगरी नारायणघाटबाट नागढुङ्गासम्मका स्थानीय तथा सो क्षेत्रमा विपत्मा परेका र घटना/दुर्घटना देखेका व्यक्तिले आफ्नो मोबाइलमासमेत लुना जिपिएसको एस डाउनलोड गरी घटनाबारे जानकारी दिन सक्नेछन् ।

"एसभित्र रहेको एसओएस बटनमा थिँचेपछि त्यसभित्र रहेको चारवटा एम्बुलेन्स, बाढीपहिरो, आगलागी र दुर्घटनाका विकल्पहरू देखिने छन्, त्यसमा कुन प्रकृतिको घटना हो, सोही विकल्पमा थिँचेपछि कसले कुन घटनाबारे जानकारी गराएको हो विवरणसहित विपद् व्यवस्थापन तालिम शिक्षालयमा जानकारी प्राप्त हुनेछ ।"-सहप्रवक्ता थापाले भने । उनका अनुसार सो एसलाई डाउनलोड गरी अफलाइनमार्फत् समेत जानकारी गराउन सकिनेछ ।

नारायणघाटबाट नागढुङ्गासम्मको क्षेत्रमा मात्र प्रयोग गर्न सकिने उक्त मोबाइल एसले सो क्षेत्रमा हुने विपद्मा तत्काल उद्धारका लागि सहजताका साथै उद्धार तथा राहत कार्यमा प्रभावकारिता ल्याउने उनले विश्वास व्यक्त गरे ।

# आधारभूत अस्पतालमै 'डायलाइसिस' सेवा



बागलुङ । यहाँको आधारभूत अस्पतालमा डायलाइसिस सेवा दिने तयारी थालिएको छ । यसका लागि सङ्घीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत बडिगाड गाउँपालिकालाई रु एक करोड एक लाख ४४ हजार ८२० बराबरको पाँचवटा डायलाइसिस उपकरण प्राप्त भएको छ ।

यही साउन १ गतेबाट बडिगाड गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पतालले सेवा सुरुआत गरेको थियो । जिल्ला अस्पतालबाट दिइरहेको डायलाइसिस सेवा अब गाउँपालिकाबाट दिने तयारीका साथ उपकरण अस्पतालमा आएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिइन् ।

उनका अनुसार गाउँपालिकाको आधारभूत अस्पतालमा डायलाइसिस सेवा सम्भवतः देशभरमै पहिलो हो । बागलुङको बडिगाड गाउँपालिकाले पश्चिम बागलुङका मिर्गौलाको बिरामीका लागि डायलाइसिस सेवा सुरु गर्न उपकरण भित्र्याएको हो । बडिगाड -५ ग्वालीचौरमा हालै सम्पन्न रु १८ करोड लागतको भवनमा १५ शैयाको अस्पताल निर्माण भएको थियो ।

गाउँपालिकाले आगामी कात्तिकभित्र डायलाइसिस सेवा दिनेगरी स्वास्थ्यकर्मीलाई तालिम दिने तयारीमा जुटेको अध्यक्ष थापा अधिकारीले जानकारी दिइन् । मध्यपहाडी पुष्पलाल लोकमार्गको नजिकै रहेको अस्पतालले राजमार्गमा हुने दुर्घटनाका बिरामीलाई समेत सहजता प्रदान गर्ने छ ।

धवलागिरि अस्पतालमा मात्र सो सुविधा रहेकामा बडिगाडमा पनि डायलाइसिस सेवा सञ्चालनसम्बन्धी एक वर्षअघि बडिगाड गाउँपालिका र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरबीच सम्झौता भएअनुसार अहिले उपकरण प्राप्त भएको हो । केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ र बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीबिच डायलाइसिस सेवा दिने विषयमा सम्झौता भएअनुसार उपकरण गाउँपालिकामा आएको हो ।

उपकरण आएपछि जनशक्तिको विषयमा थप तयारी भइरहेको छ । शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले जनशक्ति पठाउने विषयमा अध्ययन गरिने बताएको अध्यक्ष थापाले जानकारी दिइन् । पालिकाका एक मेडिकल अधिकृत र तीन स्टाफ नर्सलाई तालिमका लागि पठाउने तयारी छ । बडिगाडको आधारभूत अस्पताललाई स्वास्थ्य बिमाको प्रथम सेवा विन्दुका रूपमा समेत सूचीकृत गरेको छ । गण्डकी प्रदेशबाट थप एक मेडिकल अधिकृत तथा सङ्घीय सरकारबाट दुई चिकित्सक र तीन स्टाफ नर्ससहितको उपकण दिने देशभरको ४८ सूचीमा समेत यस गाउँपालिकाको आधारभूत अस्पताल परेको छ ।

यसबाट बागलुङ पश्चिमका साथै गुल्मी, रुकुम र रोल्पाका जनताले सहज सेवा पाउने बडिगाड गाउँपालिका अध्यक्ष अधिकारीले बताइन् । बडिगाडले सबै वडामा स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सामान्य रोगको उपचार गर्दै आएको छ ।

# नारायणगढ-मुग्लिन सडकः सधैँ ढुङ्गा खस्ने त्रास




बुटवल । नारायणगढ-मुग्लिन सडकखण्डका अधिकांश भाग भित्तो खनेर बनाइएको र विस्तार गरिएको हुँदा सधैँ पहिरो र ढुङ्गा खस्ने जोखिम हुने गर्दछ । समयसमयमा पहिरो र ढुङ्गा खसेर भएका मानवीय क्षति धेरै छन् ।

पछिल्ला वर्षहरूमा सडक विस्तार, पुल निर्माण र पहिरो रोकथामको काम भएसँगै पहिलेको तुलनामा जोखिम कम हुने भए पनि ढुङ्गा खस्ने समस्या भने रहेको छ । डिभिजन सडक कार्यालय भरतपुरका इञ्जिनियर अर्जुन घिमिरेका अनुसार सबैभन्दा बढी समस्या देखिएको तुइन खोलामा ठूलो ढुङ्गा झारिएको छ । सँगै साना ढुङ्गा झारिएको भए पनि अझै सो क्षेत्र जोखिमपूर्ण रहेको उनको भनाइ छ ।

उनले भने-'यो ठाउँमा रकनेटिङ गर्नका लागि छलफल भइरहेको छ, झण्डै १६ मिटर माथिबाट अत्यन्तै जोखिममा रहेको ठूलो ढुङ्गालाई लङबुम एक्साभेटरको सहयोगमा गरिएको हो । सोही सडकको लामो बालुवा पुल आसपास क्षेत्रमा ढुङ्गा खस्ने जोखिम छ ।' सोही क्षेत्रमा ढुङ्गा खसेर केही समयअघि एक जना चालकको मृत्यु पनि भएको थियो । घिमिरेका अनुसार सडकको सात सय मिटर जति क्षेत्रमा जोखिम बढी छ । सो क्षेत्रको केही भित्तो काटिएको थियो ।

यस्तै जोखिम जलवीरेमा छ । झण्डै एक सय मिटर क्षेत्रमा साना ढुङ्गा खस्ने जोखिम रहेको हो । नाम्सी पुल क्षेत्रमा भित्तो काटिएको हुँदा ढुङ्गा खस्ने जोखिम छ । एक सय मिटर जति क्षेत्र जोखिममा रहेको घिमिरेले जानकारी दिए ।

तुइन खोला नजिकैको क्षेत्र पनि जोखिममा छ । साठ्ठी मिटर हाराहारी क्षेत्रमा ढुङ्गा खस्ने जोखिम छ । सो क्षेत्रमा सडक विस्तार गर्दा हल्का भित्तो काटिएको थियो । केही वर्षअघि यो सडक विस्तार गर्दा ठाउँठाउँमा भित्तो काटिएको थियो । ती क्षेत्रमा रकनेटिङ, वायो इञ्जिनियरिङलगायत प्रविधि प्रयोग गरेर पहिरो र ढुङ्गा खस्ने समस्या रोकथाम गरिएको हो । घिमिरेले भने-"पहिले रोकथामको काम गरेका ठाउँमा समस्या छैन, नयाँ ठाउँमा समस्या देखिएको छ ।" ती समस्या समाधानका लागि कार्यालयले विभागमा लेखी पठाएको छ ।

कार्यालय प्रमुख नारायण लामिछानेले जोखिम बढी देखिएका ठाउँमा रकनेटिङलगायतका काम गर्नुपर्ने आवश्यकता औँल्याए । विभागसँग परामर्श गरेर काम अघि बढाइने उहाँको भनाइ छ । वर्षात्को समयमा सडक जोखिमपूर्ण भएकाले यात्रा गर्दा सावधानी अपनाउनुपर्ने उनको सुझाव छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# संघीय मोर्चाले जनजागरण सभा गर्दै




भैरहवा । संयुक्त लोकतान्त्रिक मोर्चाले रुपन्देहीमा आज बुधबार जनजागरण अभियान गर्दैछ । मोर्चाको उद्देश्य सहित काम, कर्तव्य र अधिकारबारे जानकारी गराउने उद्देश्यले रुपन्देहीको सियारी-३ स्थित सभाहलमा कार्यक्रम गर्न लागिएको हो ।

संघीय लोकतान्त्रिक मोर्चाले साउन १८ गते काठमाडौंबाट देशव्यापी रुपमा गर्ने गरी जागरण अभियान सुरु गरी वर्तमान राजनीतिक अवस्थासहित मोर्चाको योजनाबारे सबैलाई जानकारी गराउन रुपन्देहीमा दोस्रो अभियान गर्न लागेको र यसपछि यो अभियान नेपालगञ्ज, कैलाली, विराटनगर, राजविराज, जनकपुर, वीरगञ्जमा हुनेछ ।

भैरहवामा पत्रकार सम्मेलन गरी अभियानबारे जानकारी गराएको छ। रुपन्देहीमा हुने सभाको संयोजन नागरिक उनमुक्ति पार्टीले गर्नेछ । नागरिक उन्मुक्ति पार्टी रुपन्देहीका अध्यक्ष तुल्सीप्रसाद थारुले बुधबार बिहान ११ बजेदेखि सियारी गाउँपालिका-३ हर्नैयास्थित गाउँपालिकाको सभाहलमा कार्यक्रम सुरु हुने बताए । उनले सभामा नउपाका संरक्षक रेशमलाल चौधरी, अध्यक्ष लालवीर चौधरी, महासचिव गंगा चौधरी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण चौधरी, यस्तै जसपाका उपेन्द्र यादव, रामकुमार शर्मा, राष्ट्रिय मुक्ति पार्टीका राजेन्द्र महतो, लोसपाका सवेन्द्रनाथ शुक्ला, सन्तोष कुमार पाण्डेलगायत मोर्चामा सम्मिलित दलका उच्च नेताहरुको सम्बोधन हुने कार्यक्रम रहेको बताए ।

६ वटा प्रदेशमा वर्तमान राजनीतिक अवस्थाबारे जनजागरण अभियान सुरु भएको छ, जसको दोस्रो सभा यहाँ नउपाको संयोजनमा हुन गइरहेको छ । लोसपा रुपन्देहीका अध्यक्ष रवीकुमार रौनियारले संविधान संशोधनका लागि सरकारलाई दबाब दिने र वर्तमान राजनीतिक अवस्थाबारे जानकारी गराउने उद्देश्यले कार्यक्रम गर्न लागिएको बताए ।

साउन २३ गते भैरहवा, २५ गते कैलाली, भाद्र १६ गते विराटनगर, भाद्र १८ गते राजविराज, भाद्र २० गते जनकपुर र भाद्र २२ गते वीरगञ्जमा कार्यक्रम हुनेछ ।

भैरहवा, नेपालगञ्ज र कैलालीका कार्यक्रमको संयोजन नागरिक उन्मुक्ति पार्टीले गर्ने भएको छ । त्यस्तै विराटनगरमा जसपा नेपाल, राजविराजमा राष्ट्रिय मुक्ति पार्टी, जनकपुरमा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र वीरगञ्जमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले कार्यक्रमको संयोजन गर्ने जिम्मेवारी पाएको छ ।

मोर्चामा जनमत, जसपा नेपाल, लोसपा, नागरिक उन्मुक्ति, राष्ट्रिय मुक्ति, जनता प्रगतिशील र तमलोपा रहेका छन् । जनमत पछिल्लो समयको वैठकहरुमा नगए पनि मोर्चाबाट बाहिरिएको औपचारिक रुपमा जानकारी गराएको छैन ।

मोर्चाले रुपन्देहीको क्षेत्र नम्बर ३ मा हुने उपनिर्वाचनका लागि नउपालाई समर्थन गर्ने निर्णय गरेकोले यो सभा निर्वाचन लक्षित पनि रहेको एक नेताले जानकारी दिए ।

हाम्रो मुख्य काम मोर्चा कसरी अगाडि जाने भएता पनि यो सभाले निर्वाचनलाई पनि जोडेर लैजाने छ । नउपा रुपन्देहीले यहाँबाट ४ जनाको नाम सिफारिस गरेको र बुधबारको सभाले सार्वजनिक गर्नेछ ।

# पत्रकारिता क्षेत्रले प्रविधिलाई आत्मसाथ गर्न आवश्यक : चापागाईं




बुटवल । नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्व अध्यक्ष एवं सिद्धार्थ पब्लिकेसन प्रालिका अध्यक्ष मोहन चापागाईंले प्रविधिलाई युवा जमातले आत्मसात् गर्नुपर्ने उल्लेख गरेका छन् ।

नेपाल पत्रकार महासंघ रुपन्देहीले सञ्चालन गरेको नलेज सिरिज कार्यक्रममा बोल्दै उनले अहिले पत्रकारितामा प्रविधिको प्रयोग बढिरहेको बताउँदै पत्रकारले आफ्नो क्रियटिभिटि देखाउन जरुरी रहेको उल्लेख गरे । आफूहरूले पत्रकारिताको दौरानमा दिनभर मेहनत गरेर समाचार लेखेर अर्को दिन मात्रै कस्तो छापियो भनेर हेर्नुपर्ने बाध्यता रहे पनि अहिले प्रविधिले स्थलगत प्रत्यक्ष प्रसारण गर्ने अवस्था समेत बनिरहेको बताए ।

उनले अहिले पछिल्लो समय आर्टिफिसियल इन्टेलिजेन्स एआईलाई केही हिन्ट वा प्रम्ट दिएर समाचार बन्ने अवस्था आइरहेकोले पत्रकारितामा लागिरहेका युवाहरूले ध्यान दिएर मेहनत गरेर उत्कृष्टता दिनुपर्ने आवश्यकता रहेको औंल्याए । खोज तथा अनुसन्धान गरेर समाचार तयार अन्य माध्यमबाट नहुने भएकोले खोजी गर्दै मेहनतपूर्ण पत्रकारिता गरेमा पत्रकारिता गरेर बाँच्न सकिने उनले उल्लेख गरे ।

उनले समाज परिवर्तनको लागि मुख्य जिम्मेवार क्षेत्र पत्रकारिता रहेकोले यसतर्फ ध्यान दिँदै सम्पादक मण्डलले कामहरू गर्नुपर्ने उल्लेख गरे । तीन दशकदेखि पत्रकारिता क्षेत्रमा योगदान दिएका उनले अहिलेको पत्रकारितालाई भन्दा सामाजिक सञ्जाललाई विश्वास गर्ने जनता भएकोले सचेत भएर पत्रकारिता गर्दै त्रुटिपूर्ण हुन नदिई काम गर्न सुझाए । सो अवसरमा उनले पत्रकारिता क्षेत्रमा प्रवेश गरेसँगैका कामहरू सुनाउँदै २०५२ सालमा दैनिक लुम्बिनीमा ३४०० रुपैयाँ तलबबाट पत्रकारितामा लागेको उल्लेख गरेका थिए ।

नेपाल पत्रकार महासंघ रुपन्देहीले सञ्चालन गरेको नलेज सिरिजअन्तरगत पत्रकार महासंघका पूर्व अध्यक्षहरुसँग छलफल गर्दै आएको छ । नेपाल पत्रकार महासंघ रुपन्देहीका कार्यबाहक अध्यक्ष विश्वास ढकालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सह-सचिव झविन्द्र देवकोटाले गरेका थिए भने सहजीकरण कार्यसमिति सदस्य भुवन जिसीले गरेका थिए ।

# सुशासन हरायो, भ्रष्टाचार दण्डहिनता मौलायो : शेखर

**प्रकाश डोटेल**
*स्याङ्जा*

नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा नेता डा. शेखर कोइरालाले देशमा पछिल्लो समय सुशासन हराउँदै जाँदा भ्रष्टाचार र दण्डहिनता मौलाउँदै गएको बताएका छन् । भ्रष्टाचार र दण्डहिनता बढ्दा नागरिकमा नैराश्यता बढेको उनले बताए ।

काँग्रेस स्याङ्जाका तत्कालिन सभापति तथा संविधानसभा सदस्य स्वर्गीय कमलप्रसाद पंगेनीको ७औं स्मृति सभालाई स्याङ्जाको भीरकोटमा सम्बोधन गर्दै नेता डा. कोइरालाले सुशासन कायम गर्न नसक्नु ठूला दल सम्मिलित सरकारको ठूलो कमजोरी भएको बताए ।

'सकारात्मक सन्देश र विकासका गतिविधि द्रुत बनाउन ठूला दल काँग्रेस र एमाले मिलेर सरकार बनाउँदा समेत सुशासन हराउँदै गएको छ,' नेता डा. कोइरालाले भने-'भ्रष्टाचार र दण्डहिनता मौलाउनुले नागरिकमा नैराश्यता बढाएको छ ।' नैराश्यतालाई कम गराउन प्रभावकारी काम गर्न नसक्नुमा सरकारकै कमजोरी भएको उनको भनाइ थियो ।

काँग्रेस र एमाले मिल्नुको औचित्य पुष्टि गर्न संविधान संशोधनको प्रक्रिया तत्काल सुरु गर्न उनले माग गरे । सरकार बनेको एक वर्ष भइसक्यो, सरकार बनाउनुको औचित्य पुष्टि गर्न ढिला भएको दाबी गर्दै नेता कोइरालाले सरकारको ढिलाइले जनमानसमा व्यवस्थाप्रति आक्रोश बढाउँदै लगेकोजिकिर गरे ।

पार्टीको महाधिवेशन तोकिएकै समयमा हुनुपर्नेमा जोड दिएका नेता डा. कोइरालाले समयमै अधिवेशन हुन सकेमा वडातहसम्म क्रियाशिल हुने पार्टी जीवन्त बन्ने बताए । ठूलो दलको पार्टी सभापति शेरबहादुर देउवाले आन्तरिक र बाह्य विषयमा छलफल र भेटघाट बन्द गर्दा पार्टीलाई क्षति पुगेको उनले बताए ।

स्मृति सभामा बोल्दै नेपाली काँग्रेसका उप-सभापति धनराज गुरुङले काँग्रेस घर भएको बताउँदै घरमा देखिएको विवाद घरमुलीले मिलाउनु पर्ने बताए । काँग्रेस घरमा विवाद भए घरमुली शेरबहादुर देउवाले घर मिलाएर लैजानु पर्नेमा उनले जोड दिए ।

सभामा बोल्दै नेपाली काँग्रेसका सह-महामन्त्री भिष्मराज आङ्दाबेले देशमा अराजकता मौलाएको बताउँदै अराजकताले सही विषयमा बहस हुनुको सट्टा अनेक विषयमा बहस भएकोमा उनले चिन्ता जनाए । 'हामीले समाजलाई सही मार्गमा हिडाउन सही विषयमा बहस गर्नु आवश्वक छ,' उनले भने-तर पछिल्लो समय देशमा बेतुककाविषयमाबहस चलेको छ ।'

स्वर्गीय पंगेनीको स्मृति सभामा नेपाली काँग्रेसका केन्द्रीय सदस्य टेकबहादुर गुरुङ, सरस्वती तिवारी, नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मालगायतले स्वर्गीय कमल पंगेनीले काँग्रेसका संगठनमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

त्यस अवसरमा गण्डकीप्रदेश सांसद तथा नेपाली काँग्रेस स्याङ्जाका नेता भोजराज अर्याल, पूर्व कार्यबहाक सभापति बुद्धिबहादुर राना 'कुमार', जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख श्रीप्रसाद जिटीलगायतले बोलेका थिए ।

नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघीय संसद राजु थापाको अध्यक्षतामा भएको स्मृति सभामा स्वागत उपसभापति तथा कार्यबहाक सभापति केदार काफ्लेले गरेका थिए भने सञ्चालन सचिव दामोदर लम्सालले गरेका थिए ।

# १५ वर्षमा पनि सकिएन क्याम्पस भवन



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाको सबैभन्दा जेठो क्याम्पस जलजला बहुमुखी क्याम्पसको भवन निर्माण सम्पन्न नहुँदा हस्तान्तरणको काम अनिश्चित बनेको छ । निर्माण कम्पनीले सम्पन्न नगरी बिचैमा अलपत्र छाडेपछि भवन जीर्ण बन्दै गएको छ भने विद्यार्थीको पढाइसमेत प्रभावित बन्न थालेको छ ।

मध्यपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको जलजला बहुमखी क्याम्पसको भवन निर्माणको काम १५ वर्षसम्म पनि पूरा हुन सकेको छैन । भारतीय दूतावासको आर्थिक सहयोगमा तत्कालीन जिल्ला विकास समिति रोल्पाले ठेक्का लगाएको यो क्याम्पस १८ महिनामा काम सक्ने गरी दिवा निर्माण सेवा/ड्रागन बिल्डर्स प्रालि जेभी ललितपुरले २०६७ असार ०५ गते चार करोड ४४ लाख ९३ हजारमा ठेक्का लिएको थियो । क्याम्पस प्रशासनका अनुसार करिब ८२ प्रतिशत निर्माण सम्पन्न भएपछि पठनपाठनसमेत सञ्चालन भयो, तर निर्माण व्यवसायीले भवन अझै हस्तान्तरण गरेका छैनन् ।

**तीनपटक म्याद थप, काम शून्य**

क्याम्पस भवन निर्माणका लागि सुरुको समयमा जेजति काम भयो त्यसपछिको म्याद थपमा भने प्रगति शून्यजस्तै रह्यो । दोस्रो पटक ०७० साउनमा म्याद थप भयो तर काम अघि बढेन । निर्माण व्यवसायीकै अनुरोधमा तेस्रोपटक म्याद पनि थपियो, तर पनि काम भएन । सुरुमा तत्कालीन जिल्ला विकास समितिले आन्तरिक स्रोतबाट भ्याटसमेत जोडेर निर्माण व्यवसायीलाई भुक्तानी दिएको तर निर्माण व्यवसायीले ३७ लाख ९१ हजार ९२ रुपैयाँ राजस्व कार्यालयमा दाखिला नगरेपछि बाँकी भुक्तानीका लागि तत्कालीन जिविसले असमर्थता जनाएको थियो ।

अन्तिम म्यादअनुसार २०७३ चैतसम्म भवन हस्तान्तरण गरिसक्ने उल्लेख थियो । तत्कालीन जिविसको आयोजनामा निर्माण व्यवसायी र सरोकारवालाहरुबिचको साझा बसाइँमा चैतसम्म भवन हस्तान्तरण र बैशाखभित्र क्याम्पससम्म पुग्ने सडक ओटासिल गर्ने सहमति थियो । त्यसअनुसार निर्माण व्यवसायीले भवनको वाइरिङ तथा अन्य कामको स्टिमेट गरेर गएपछि पुनः काममै नफर्किएको तत्कालिन क्याम्पस प्रमुख विष्णु आचार्य बताउँछन् ।

भवन निर्माण जिम्मा पाएको मुख्य ठेकेदार कम्पनी ड्रागन/विल्डर्स जेभी कम्पनीका प्रमुख उत्तम बस्नेतबाट पेटी ठेकेदारका रुपमा रुकुमका ताराप्रसाद पुन र रोल्पाका हरिबहादुर पुनले काम गरेका थिए । पेटी काम लिएकामध्येका हरिबहादुर पुन रोल्पाकै गंगादेव गाउँपालिका अध्यक्ष तथा नेपाली कांग्रेस रोल्पाका उप-सभापति छन् भने ताराप्रसाद निर्माण व्यवसायमा निस्क्रिय छन् ।

**संरक्षणविहीन भएपछि जिर्ण**

मुलुक संघीय संरचनामा गएसँगै तत्कालीन जिविस र जिल्ला समन्वय समिति बन्यो । कानुनतः क्याम्पस भवनको जिम्मेवारी पनि जिससमा सऱ्यो । तर अहिले हस्तान्तरण नभएका कारण क्याम्पस प्रशासनले आफ्नै तजविजमा काम गर्ने अवस्था छैन । जिसस पनि समन्वयकै भूमिकामा छ । यसरी संरक्षणविहीन भएपछि भवन दिनप्रतिदिन जीर्ण बन्दै गएको छ । 'कक्षा कोठामा झ्यालका सीसा फुटेका छन्, पढ्दा हावाहुरी भित्र आउने अवस्था छ,' दोस्रो सेमेष्टरका विद्यार्थी रोहित खड्काथोकीले भने-'सिंगो भवन नै जीर्ण बन्दै गएको छ ।' क्याम्पसमा अध्ययनरत छात्रा कुसुम विष्टले पनि भवन जीर्ण बनेका कारण पढाइमा समस्या भएको बताइन् । उनले बाहिरी बनावट भग्नावशेष बन्दै गएको भन्दै चिन्ता व्यक्त गरिन् । भवनको कतिपय ठाउँमा अहिले घाँस उम्रेको देखिन्छ भने लेउ लागेर अस्तव्यस्त देखिन्छ । भवन हस्तान्तरण नहुँदै क्याम्पसको कामकाज भने ११ वर्षअघिदेखि सोही भवनबाट हुँदै आएको छ ।

**आन्दोलन गर्ने स्ववियुको चेतावनी**

क्याम्पस भवन लामो समयसम्म पनि हस्तान्तरण नहुनु दुःखद भएको भन्दै स्ववियु सभापति सुमन विकले रोष प्रकट गरे । 'हामीले क्याम्पस प्रशासन, जिल्ला समन्वय समिति, नेताहरु सबैलाई भेटेर ध्यानाकर्षण गराइसकेका छौं,' स्ववियु सभापति सुमनले भने-'सहजरुपमा समस्या समाधान गरिएन भने अब स्ववियुले आन्दोलन गर्छ ।' उनले कानूनी जटिलता भएको भए त्यसलाई फुकाएर भए पनि समस्या समाधान गर्नुपर्ने बताए । 'निर्माण व्यवसायीले नगर्ने भए ठेक्का तोडेर जाऔं, निर्माण व्यवसायीलाई कालोसूचिमा राख्ने वा प्रमाणपत्र खारेज गरेर भए पनि समस्या समाधान गर्नैपर्छ ।'- सुमनले भने ।

क्याम्पस भवनमा प्रत्यक्ष सरोकार राख्ने निकाय जिल्ला समन्वय समिति हो । तर समन्वयले पनि पहलकदमी लिन नसकेको सरोकारवालाको बुझाइ छ । क्याम्पस सबैको साझा विषय भएकाले जिल्ला समन्वय समितिको अगुवाइमा हस्तान्तरण प्रक्रियालाई छिटो टुंग्याउनुपर्ने क्याम्पसका उप-प्राध्यापक गोकर्णप्रसाद पुनले धारणा राखे ।

**सम्झौताअनुसारका काम अझै बाँकी**

सम्झौताअनुसार गर्नुपर्ने भित्रि ग्राउण्डमा स्टोन सोइलिङ, कक्षा कोठा रंगरोगन, २० वटा कम्प्युटर, प्रिन्टर, फ्याक्स मेसिन एवम् फर्निचरका सामग्री खरिद र क्याम्पस भवन पुग्ने सडक कालोपत्रेको काम बाँकी छ । क्याम्पस प्रशासनका अनुसार ८२ प्रतिशत भौतिक प्रगति र ९० प्रतिशत भुक्तानी भइसकेको छ । क्याम्पस प्रशासनको समन्वय र जिल्ला समन्वय समितिको आयोजनामा २०८० माघमा सरोकारवालाबिच फागुन मसान्तसम्म काम सक्ने गरी सबैले पहल एवं दबाब निर्णय पनि भएको थियो । तर उक्त निर्णय पनि कार्यान्वयन हुन सकेन । यसमा मुख्यतः जिल्ला समन्वय समितिको पहल नपुगेको क्याम्पसको भनाइ छ । 'जिससले जसरी पहल लिनुपर्थ्यो त्यति अलि पुगेन कि भन्ने हाम्रो बुझाई छ,' क्याम्पस प्रमुख खेमबहादुर खड्काक्षेत्रीले भने-'जिससले नेपाल सरकारलाई अभिभावक मानेर फाइल अगाडि बढाएको भए पनि फलोअप गर्नुपऱ्यो, फाइल अगाडि बढाएका छौं मात्र भनेर जिम्मेवारीबाट पन्छिन मिल्दैन ।' क्याम्पस भवन हस्तान्तरण नहुँदा मध्यपश्चिम विश्वविद्यालयको भौतिक सम्पत्ति विवरणमा यो भवनको रेकर्ड छैन । 'विश्वविद्यालयले क्याम्पसको भौतिक सम्पत्ति विवरण माग्दा दिन सकिरहेका छैनौं ।'- खड्काले भने ।

**समन्वय गरिरहेकै छौं: जिसस**

यता जिल्ला समन्वय समितिले भने क्याम्पस भवन हस्तान्तरणका विषयमा आफूहरु संवेदनशील भएरै काम गरिरहेको बताउँछ । जिल्ला समन्वय समिति उपप्रमुख कर्मलाल परियारले सरोकारवाला सबैसँग समन्वय गर्नुका साथै भारतीय दूतावाससँग पटकपटक ताकेता गरेको दाबी गरे । दूतावासमा कार्यसम्पादन मूल्यांकन फाइल पेश गरेको बताउँदै उपप्रमुख परियारले पुनः सरोकारवाला सबैसँग निर्णायक बैठक गरेर अगाडि बढ्नुपर्ने आवश्यकता महसुस गरेको बताए ।

ठेकेदार कम्पनीले ३ करोड ९९ लाख ७३ हजार बढी रकम भुक्तानी पाइसकेको भए पनि हस्तान्तरण प्रक्रियाका बारेमा भने बेवास्ता गरिनु दुःखद छ । क्याम्पस भवन हस्तान्तरण नहुनुमा ठेकेदारको राजनीतिक पहुँच र राजनीतिक आश्रय भएको कतिपयको भनाइ छ । मुख्य ठेकेदार बेपत्ता हुनु र पेटी ठेकेदारहरुले देखेर पनि नदेखेजस्तै गर्दा व्यवस्थित क्याम्पस भवनमा अध्ययन गर्ने विद्यार्थीको चाहनामाथि समेत खेलवाड भएको छ । क्याम्पस पुग्ने सडक ठाउँठाउँमा भत्किएको छ । क्याम्पसको अधिनमा नभएका कारण डुप्लिकेशन हुने भन्दै स्थानीय तहले पुनर्निर्माणका काममा सहयोग गर्नसकेको छैन ।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com